स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया
Google Plus Code: 683V+HM Gulariya

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७८/०७९
च.नं.: स्था.प्र./ ५८०२

मितिः २०७८/११/२५

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्लास्थित सबै कार्यालय, बर्दिया ।
श्री सरोकारवाला निकाय सबै
बर्दिया ।

उपर्यूक्त सम्बन्धमा मिति २०७८/११/२५ गते जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला विपद व्यवस्थापन समितिको निर्णय पाना-३ यसैसाथ संलग्न राखी आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

२०७८/११/२५
डिल्लीराम आचार्य
शाखा अधिकृत

आज मिति २०७८ साल फाल्गुन २५ गते जिल्ला विपद् व्यवस्था समितिका अध्यक्ष एवम् बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारज्यूको अध्यक्षमा देहायका पदाधिकारीहरूको उप मा जिल्ला विपद व्यवस्थापन समिति, बर्दियाको बैठक बसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जि.प्रशा. का. बर्दिया
आ.प्र. अनुभव चौधरी, बबई, मध्य, औरली नदी व्यवस्थापन आयोजना, बर्दिया
कालराम पुरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) प्रदेश क. सदस्य
युवराज ढकाल, राष्ट्रिय जनमोर्चा अध्यक्ष बर्दिया
प्रेमप्रसाद पोखरेल ने.क.पा (एकीकृत समाजवादी) जिल्ला अध्यक्ष
प्रकाश देवकोटा जि.स.अ. बर्दिया
SP/ASP गोविन्द बहादुर के.सी. स.प्र.बल नं. ३१ गण हे.क्वा बर्दिया
कालकृष्ण लोमिरेल देहेपाता र उ. वाणिज्य संघ अध्यक्ष
सुरेन्द्र राज नागरिक समाज बर्दिया
प्रकाश पाण्डे गुलरिया उद्योग वाणिज्य संघ अध्यक्ष
क्षत्र प्रसाद रेग्मी अमात्य गोरखा विकास तथा समन्वय केन्द्र बर्दिया
वरिष्ठ कार्यक्रम अधिकृत चक्र ब. बम, प्राक्टिकल एक्सन
कार्यक्रम अधिकृत रमेश गौतम प्राक्टिकल एक्सन
कार्यक्रम संयोजक हेमन्त राजजोशी उज्यालो स्वयंसेवक(सुचनाका अधिकार अभियान)
कार्यक्रम संयोजक - सुरेन्द्र ठगुन्ना CSDR बर्दिया
हि.प्र. DEOC मिन ब रावल प्र. प्र. नि.
तोयनाथ ओली - अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान
ईन्जिनियर राम सागर हरिजन - हुलाकी राजमार्ग योजना कार्यालय, नेपालगंज
कार्यक्रम अधिकृत, सुनिता तिवारी, एक्सन एड नेपाल
कार्यक्रम व्यवस्थापक, तेजमाया पन्त, थारु महिला उत्थान केन्द्र, बर्दिया
सि. डि. इ. मदन प्रसाद साह जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बर्दिया
प्र.उ.अ. श्री महेन्द्रजङ्ग शाही प्रहरी कार्यालय ने.प्र.
जीतराम चौधरी कार्यक्रम संयोजक KMJS Nepal
यशराज पोखरेल कोषाध्यक्ष RKJS Bardiya
दिलकुमारी गिरी - प्र.जि.स्वा.अ. स्वास्थ्य कार्यालय

(18) विनोद घिमिरे, प्रमुख, एकीकृत दक्षिण पश्चिम जातीय रिसर्च नेटवर्क

विष्णु नेपाली, दलित महिला उत्थान संघ, कार्यक्रम संयोजक

सुवर्णा चौधरी बाँसगढी न.पा. उप प्रमुख

प्रवीण विडारी, नि.व.क्षे. वडिया, डि.वे.अ.

सुस्मिता पौडेल, कोषाध्यक्ष, जोगी संघ कोषाध्यक्ष

धन कुमार न्यौपाने, आयोजना निर्देशक, कमिटी नं. आयोजना, राजापुर

धर्मराज न्यौपाने, प्रमुख कोषाध्यक्ष [illegible]

याम आचार्य, अध्यक्ष नेपाल पत्रकार महासंघ

मुकेश चन्द्र गौतम, सूचना व्यवस्थापन अधिकृत

डिल्लीराम आचार्य, प्रा.अ.

गंगाराम अधिकारी, क.अ.

विभा झा, जि.प्र.का.

गोमता कुमारी गिरी ,,

चिरञ्जीवी रेग्मी ,,

हरिशंकर चौधरी, नेपाल प्रहरी

करुणा न्यौपाने, जि.प्र.का.

निर्णयहरु

१. यस अघी भएका निर्णयहरुको कार्यान्वयनको अवस्था र कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका उपायहरुका सम्बन्धमा छलफल एवम् समीक्षा गरियो ।

२. नगरस्तरीय जोखिम न्यूनिकरण समिति, बाँसगढीको मिति २०७८/०७/०९ गतेको निर्णय, बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दियाको मिति २०७८/१०/२४ गतेको निर्णय, उक्त जग्गा विपद् प्रतिकार्यको समयमा आपतकालीन व्यवस्थापनका लागि उक्त क्षेत्रमा प्रयोग गर्न सकिने खुला क्षेत्र घोषणा नभएको भन्ने निर्णय एवम् मिति २०७८/१०/२३ गतेको स्थलगत मूचुल्का लगायत आवश्यक कागजातका आधारमा साविकको मोतिपुर गा.वि.स. वडा नं. ८ (हाल बाँसगढी नगरपालिका वडा नं. ५ स्थित) नेपाल सरकारका नाउँमा कायम रहेको कि.नं. ५८९८ क्षेत्रफल २६-१५-०६ भएको जग्गामध्येबाट ०-५-१० (पाँच कठ्ठा दश धुर) कित्ता काट गरी सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा ३ (२) बमोजिम नगर अस्पताल, बाँसगढी नगरपालिकालाई लिजमा उपलब्ध गराउन र अन्य सरकारी निकाय पशु सेवा उपकेन्द्र, बाँसगढीका नाउँमा श्रेस्ता पूर्जा कायम भएको साविक मोतिपुर गा.वि.स. वडा नं. ८ कि.नं. ३६०७ क्षेत्रफल ०-५-१० जग्गा नगर अस्पताल, बाँसगढी नगरपालिकालाई उपलब्ध गराउन उक्त कार्यनीतिको दफा ३(३) बमोजिम सम्बद्ध निकायहरुको केन्द्रिय निकायको सहमतिका लागि अनुरोध गर्ने ।

३. डढेलो तथा आगलागी नियन्त्रणका लागि पुर्वतयारी तथा प्रतिकार्यमा जुट्न सबै स्थानीय तह लगायत सरोकारवाला निकायहरुले समन्वयात्मक रुपमा आवश्यक व्यवस्था मिलाउने । यसका लागि दमकलका लागि पानीको श्रोत पहिचान गरी सहजरुपमा पानी आपूर्तिको सहज र भरपर्दो व्यवस्था मिलाउन DEOC ले आवश्यकता पहिचान गरी स्थानीय तहहरुसंग समन्वय र सहजीकरण गर्ने ।

४. वन क्षेत्रमा विभिन्न कारणले हुने आगलागी पूर्ण रुपमा नियन्त्रण गर्ने र आगलागी श्रोतको रुपमा काम गर्ने पातपतिङ्गरहरुलाई संकलन गरी कम्पोष्ट मल उत्पादन गर्न आवश्यक व्यवस्था मिलाउन डिभिजन वन कार्यालय र बर्दिया राष्ट्रिय निकुञ्जले एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय तथा आवश्यकता अनुसार अन्य सम्बन्धित स्थानीय तहसंग सहयोग लिने व्यवस्था मिलाउने ।

५. वन क्षेत्रमा हुने आगलागी नियन्त्रण तथा रोकथामका लागि वनभित्र रहेका पानीको श्रोत पहिचान गरी सोको संरक्षण गर्न डिभिजन वन कार्यालय र बर्दिया राष्ट्रिय निकुञ्जलाई आवश्यक व्यवस्था गर्न अनुरोध गर्ने ।

६. डिभिजन वन कार्यालय बर्दियाले तयार गरेको वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना, २०७८/७९ संशोधन सहित पारित गरियो ।

७. जिल्ला प्रशासन कार्यालय, बर्दियाको च.नं. ४१०२ मिति २०७८/०८/२८ गतेको पत्रबाट गुलरिया नगरपालिका वडा नं. ४ रामपुर टापुमा बसोबास गर्ने बिमला बि.क. समेत २५ जनालाई सहुलियत दरमा काठ उपलब्ध गराउन गरिएको अनुरोध बमोजिम डिभिजन वन कार्यालय, बर्दियाबाट उपलब्ध गराइएको सर्वसुलभ काठ अनुमोदन गरियो ।

८. डिभिजन वन कार्यालय, बर्दिया राष्ट्रिय निकुञ्जसंग आगलागी नियन्त्रणका लागि भएका सामग्री तथा ज्ञान एवम् नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल एवम नेपाली सेना बीच समन्वयात्मक बैठक बसी यसको प्रयोगका सम्बन्धमा यथाशीघ्र समन्वय वैठक बस्ने यसका लागि डिभिजन वन कार्यालय, बर्दियाले आवश्यक व्यवस्था मिलाउने ।

२०७८/११/२८

९. आगलागीजन्य घटनाको पूर्व तयारीका सम्बन्धमा सरोकारवाला निकायहरुसंग समन्वय गरी DEOC ले स्थान र समयको निर्धारण गरी सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा. बर्दियासंग सहयोग लिई कृतिम घटना अभ्यासको आवश्यक व्यवस्था मिलाउने ।

१०. मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना ,२०७९ अध्यावधिक गर्ने र आगलागी आकस्मिक योजना ,२०७९ संशोधन सहित पारित गरियो । निर्माण गरी २०७८ बैशाख २० गते भित्र मस्यौदा तयार गरी DEOC संग समन्वय गरी जिल्ला विपद् व्यवस्थाप समितिमा पेश गर्नेगरी जिल्ला अगुवा सहयोगी निकाय Action Aid/KMJS र सरोकारवाला निकाय Practical Action/CSDR लाई अनुरोध गर्ने ।

११. कर्णाली नदीको बहाव क्षेत्र गाउँबस्ती तिर आइरहेको अवस्थामा नदीको बीच भागमा जम्मा भएको बालुवालाई उत्खनन गरी नदीलाई चेनलाइज गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने । पश्चिम भंगालोमा अत्यधिक भएको र पूर्वी भंगालोमा पानीको मात्रा नगन्य मात्र हुँदा बर्दिया(कैलाली जोड्ने सत्तीघाट पुल जोखिममा रहेको साथै राजापुर नगरपालिका समेत कटानबाट उच्च जोखिममा रहेको छ भने गेरुवा तर्फको भंगालो बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा पर्ने र जंगली जनावरहरुले पर्याप्त पिउने पानी समेत नपाएको, सिंचाई अभावले खेतीयोग्य जमिन मरुभूमिकरण तर्फ उन्मुख भएको, जंगल पातलिदै गएको, जंगली जनावरहरु गाउँबस्ती तथा फाँटहरुमा पसि मानवीय, पशुपंक्षी तथा कृषि बालीमा क्षति पूर्याएको कारणले दुवै भंगालोमा सन्तुलित रुपमा पानीको बहाव हुने व्यवस्थाका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने । साथै कर्णाली नदीको बीच भागमा थुप्रिएको गिट्टी बालुवा निकाली नदीलाई बीचबाट बगाउने व्यवस्थाका लागि सरोकारवाला निकायहरुलाई अनुरोध गर्ने ।

१२. जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाबाट मिति २०७८।०८।२० गते जोखिमयुक्त क्षेत्र पहिचान कार्य गर्न संयुक्त फिल्ड निरिक्षण गर्नेक्रममा देखिएका बबई नदीको दाहिने किनारमा विगतमा गएका बाढीहरुबाट हुन सक्ने क्षति न्यूनिकरणको लागि गुलरिया नगरपालिकाको प्रयागपुर तथा बालापुर क्षेत्र मा आकस्मिक कार्य अन्तर्गत निर्माण गरिएको नाइलन जाली एवं बोराको कार्य जिर्ण अवस्थामा रहेकोले आउदो वर्षात भन्दा अगाबै ठोस संरचना निर्माण गर्नु पर्ने रहेकोले बबई भादा औरही नदी व्यवस्थापन आयोजना, बर्दिया मार्फत जलस्रोत तथा सिंचाइ विभागलाई अनुरोध गर्ने ।

१३. बबई भादा औरही नदी व्यवस्थापन आयोजना, बर्दियाको कार्य क्षेत्र अन्तर्गत गुलरिया नगरपालिकाको नेपालगन्ज -गुलरिया सडक खण्ड (हुलाकी राजमार्ग) भन्दा तल नेपाल -भारत सिमानासम्म बबई नदीको दाहिने किनार करिब १३.३६ कि.मि. रहेकोमा उक्त खण्डमा नदी घुमाउरो भएर बगेकोले करिब ७.३६ कि.मि. नेपालमा तथा करिब ६.०० कि.मि. भारतमा रहेको छ। उक्त आयोजनाबाट केहि स्थानमा (लटकनिया) तटबन्धको कार्य सम्पन्न भएको, केहि स्थानमा (थपुवा) निर्माणाधिन रहेको तथा केहि स्थानमा (गौडी) प्रस्तावित रहि नेपालतर्फको ७.३६ कि.मि. तटबन्ध निर्माण हुने योजना रहेकोमा भारत तर्फ थपुवा र लटकनियाको बिचमा रहेको ३.२० कि.मि. तथा लटकनिया र गौडीको बिचमा रहेको २.८० कि.मि. गरी जम्मा ६.०० कि.मि. तटबन्ध निर्माण नभएको खण्डमा नेपालतर्फको लटकनिया र गौडी गाँऊ समेत जोखिममा रहने भएकोले उक्त भारततर्फको ६.०० कि.मि. खण्डमा तटबन्ध निर्माण गर्न आवश्यक देखिएकोले सम्बन्धित निकायमा अनुरोध गर्ने ।

१४. गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा, सिंहदरवार, काठमाडौंको च.नं. १२८ मिति २०७८/०९/०१ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्रानुसार शीतलहर तथा अत्यधिक

२०७८।११।२८

चिसोबाट हुन सक्ने जोखिम एवम् सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवम् प्रतिकार्य गर्नका लागि जिल्लास्थित विपद् व्यवस्थापन कोषमा रहेको मौज्दात रकमबाट खर्च गर्ने भनी भएको निर्णय बमोजिम यस जिल्लामा शीतलहर तथा अत्यधिक चिसो लगायतका विपद् जोखिमको न्यूनीकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको सि.नं. १० बमोजिम तपसिल बमोजिमको रकम खर्च भएकाले सो खर्च रकम अनुमोदन गरियो ।

| खरिद गरिएको कम्मल थान | खरिद दर रु. | जम्मा खर्च रु. | वितरण गरिएको कम्मल थान | बाँकी कम्मल थान |
|---|---|---|---|---|
| १३४ | ९०४।- | १२११३६।- | ११० | २४ |

१५. यस बर्षको बेमौसमी बर्षाका कारण धानबालीमा भएको क्षतिको राहत उपलब्ध गराउने प्रयोजनका लागि गृह मन्त्रालय, विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा, सिंहदरवार, काठमाडौंको च.नं. २३९ मिति २०७८/०९/१४ गतेको प्राप्त पत्रानुसार **बेमौसमी बर्षाको कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८** बमोजिम मिति २०७८/१०/०४ गते ठाकुरबाबा नगरपालिकाबाट कूल राहत पाउन योग्य ३१९४ जना कृषकको कूल ३४३७१ कठ्ठा क्षेत्रफलमा आंशिक क्षतिको हुन आउने रकम रु. २,२६,४९,२७०।- अक्षरुपी रु. दुई करोड छब्बिस लाख उन्पचास हजार दुई सय सत्तरी मात्र रकम स्वीकृत गरी रकम निकासाका लागि पठाइएकोमा गृह मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं. ४०२ मिति २०७८/११/०२ गते रु. दुई करोडको अख्तियारी प्राप्त रकमलाई सम्बन्धित कृषकहरुको खातामा जिल्लाबाट अनुमोदित रकमको ८७ प्रतिशतले हुनेगरी भुक्तानी गर्ने ।

१६. पहिला जडान गरिएको बाढी पूर्व सूचना संयन्त्र/प्रणाली चोरी भएको भन्ने बुझिएकोले सो स्थानमा तुरुन्तै अर्को संयन्त्र राख्नु पर्ने भएकोले यसका लागि सहयोग गर्न इच्छुक संघ/संस्थाहरुलाई अनुरोधका लागि सूचना दिने ।

१७. २०७८ कार्तिक महिनामा कर्णाली नदीमा आएको बाढीले राजापुर र गेरुवा गाउँपालिकाका केही क्षेत्र कटान गरी पुर्याएको क्षतिलाई तत्काल मर्मत संभारका लागि सम्बन्धित निकायसंग अनुमति तथा समन्वय गरी कार्य गर्न कर्णाली नदी व्यवस्थापन आयोजनालाई अनुरोध गर्ने ।

१८. मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ र जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ अध्यावधिकका लागि **DEOC** बर्दियाले आगामी बैठकमा मस्यौदा पेश गर्ने

२०७८/११/२८